Capital Merchant Banking and Finance Limited
क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड
प्रधान कार्यालयः बत्तीसपुतली, काठमाडौं, फोनः ४४७१४५८, ४४६९७०२, फ्याक्सः ४४९६३२१
वेभसाइटः www.cmbfl.com.np इमेलः info@cmbfl.com.np

# दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं उन्नाईसौं, बीसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/११/२८ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१ माघ ११ गते बसेको सञ्चालक समितिको ३६७औं बैठकको निर्णय अनुसार मिति २०८१/११/०५ गते बस्ने गरि सूचना प्रकाशित गरिएको वार्षिक साधारण सभा सम्मानित उच्च अदालत पाटन, ललितपुरको आदेश बमोजिम स्थगन गरिएकोमा उक्त दशौ, एघारौ, बाह्रौं, तेह्रौं, चौधौं ,पन्ध्रौ, सोह्रौं, सत्रौ, अठारौ, उन्नाईसौ, बीसौं, एक्काईसौ र बाईसौं वार्षिक साधारण सभा मिति २०८१ फागुन २७ गते बसेको सञ्चालक समितिको ३६९औं बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि पुनः यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : वि.सं. २०८१ साल चैत्र महिना २५ गते (तदनुसार ई. सं. ७ अप्रिल २०२५) सोमबार।
**समय** : बिहान ११:०० बजेबाट
**स्थान** : ताज प्यालेस ब्याङ्क्वेट, गोल्फुटार, काठमाण्डौं।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावः**

१. वित्तीय संस्थाको दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाईसौं, बिसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०६७/०६८ देखि आ.व. २०७९/०८० सम्म) मा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. वित्तीय संस्थाको आ.व.२०६७/०६८, आ.व.२०६८/०६९ र आ.व. २०६९/०७० का लेखापरीक्षक एम.बि. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स् (महेश्वरेन्द्र बहादुर श्रेष्ठ), आ.व. २०७०/०७१ का लेखापरीक्षक गोपाल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स् (गोपाल कुमार श्रेष्ठ), आ.व. २०७१/०७२, आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ का लेखापरीक्षक आर.एस.एण्ड चार्टड एकाउण्टेण्ट्स् (राजेन्द्र मंगल जोशी), आ.व. २०७४/०७५, आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ का लेखापरीक्षक वाग्ले एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्टस (हेमन्तकटुवाल), आ.व. २०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० का लेखापरीक्षक विशाल एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्ट्स् (विशाल बराल), आ.व. २०८०/०८१ का लेखापरीक्षक रिजाल एण्ड एशोसिएट्स्, चार्टर्ड एकाउण्टेण्टस (सुवास रिजाल) लाई संस्थाको बाह्य लेखा परीक्षकमा नियुक्त गरिएकोले निजहरुको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।

३. वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/०६८, आ.व.२०६८/०६९, आ.व. २०६९/०७०, आ.व. २०७०/०७१, आ.व.२०७१/०७२, आ.व. २०७२/०७३, आ.व.२०७३/०७४, आ.व. २०७४/०७५, आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व.२०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० सम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (संलग्न अनुसूचि सहित) छलफल गरी पारित गर्ने।

४. वित्तीय संस्थाको संस्थापक शेयरधनी समूह “क” को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण समूह “ख” को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सहित कूल ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त संस्था घोषणा गरे पश्चात वित्तीय संस्थाको संचालक समितिको सदस्यहरुमा भएको हेरफेर/नयाँ संचालक समिति गठन तथा नयाँ गठित संचालक समितिको हैसियतबाट वित्तीय संस्थामा तत्कालिन अवस्थामा भए गरेका सम्पूर्ण काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।

२. वित्तीय संस्था समस्याग्रस्त घोषणा पश्चात संस्थाले लगानी गरेका कर्जा/ऋण असुल उपर गर्ने सिलसिलामा वित्तीय संस्था र ऋणी तथा जमानीकर्ता पक्षवाट गठित ऋण चुक्ता कार्यदल बीच भएको दुई पक्षीय तथा वित्तीय संस्था, ऋण चुक्ता कार्यदल र राष्ट्रिय समृद्ध आवास बिशिष्टिकृत सहकारी संघ बीच भएको त्रिपक्षीय इस्क्रो (ESCROW) सम्भौता अनुमोदन तथा संभौता कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने।

३. वित्तीय संस्थाको नाम संशोधन एवं उद्देश्य थप गर्न प्रबन्ध पत्र तथा नियमावलीमा भएको व्यवस्था संशोधन/थप गर्ने प्रस्ताव पारित गर्ने।

४. क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्न गराउन वा उपयुक्त देखिएको अवस्थामा चल अचल सम्पत्ती तथा दायित्व र कारोबारको मूल्याङ्कन गर्न तथा गाभ्ने वा गाभिने तथा प्राप्ति गर्ने सम्बन्धीको आवश्यक प्रक्रिया अगाडि बढाई प्रारम्भिक तथा अन्तिम सम्भौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

५. बैंकको प्रबन्धपत्र/नियमावलीमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. मिति २०८१/१२/०८ गते एक दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने छ। वित्तीय संस्था समस्याग्रस्त घोषणा भई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार रोक्का रहेकोले मिति २०८१/१२/०७ गतेसम्म नियमानुसार वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा कायम रहेको शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन, मतदान गर्न सक्ने छन् ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाणपत्रमा उल्लिखित परिचय पत्र नम्बर/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण सहित वित्तीय संस्थाद्वारा जारी गरिएको प्रवेशपत्र साथमा लिई आउन हुन अनुरोध छ। प्रवेशपत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ। हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहने छ।

३. सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको अर्को एउटा शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ। वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई दिएको प्रोक्सी र एक भन्दा बढी शेयरधनीलाई आफ्नो शेयर टुक्राई वा नटुक्राई दिएको प्रोक्सी स्वतः बदर हुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनु भन्दा ७२
घण्टा अगावै वित्तीय संस्थाको प्रधान कार्यालय, बत्तीसपुतली, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ।

४. नावालक वा मानसिक सन्तुलन ठिक नभएको शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउने छन्।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।

६. सभामा भाग लिनका लागि प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैले भाग लिन वा प्रतिनिधी फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै सोको लिखित जानकारी वित्तीय संस्थामा दर्ता गरी सक्नु पर्ने छ। अन्यथा प्रतिनिधी फेरवदल हुन सक्ने छैन। तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन
आफ्नो परिचय पत्र लिइ आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः वदर हुनेछ।

७. कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ।

८. मिति २०८१/१०/१२ गते प्रकाशित बार्षिक साधारण सभा सम्बन्धी सूचना अनुसार संचालक निर्वाचन सम्बन्धमा भएका प्रकृयागत काम कारवाहीहरु रद्द गरिएको व्यहोरा जानकारी गराउदै संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८१/१२/१० गते वित्तीय संस्थाको प्रधान कार्यालय, बत्तीसपुतली, काठमाडौंको सूचना पाटी तथा वित्तीय संस्थाको वेवसाइट www.cmbfl.com.np मा प्रकाशन गरिने छ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउदा झोला/व्याग, पानीका बोतल जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यकता अनुसार सुरक्षाकर्मीले शेयरधनी महानुभावहरुलाई आवश्यक जाँच गर्न सक्ने हुँदा सो कार्यमा तहाँको सहयोगको अपेक्षा गरिएको छ।

१०. अन्य जानकारीका लागि वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं वा वित्तीय संस्थाको प्रधान कार्यालय, बत्तीसपुतली, काठमाडौंमा कम्पनी सचिवसंग सम्पर्क राख्नु हुन अनुरोध छ।

११. शेयरधनी महानुभावहरुको जानकारीका लागि वित्तीय संस्थाको संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ। वित्तीय संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विववरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, बार्षिक साधारण सभामा प्रस्तुत छलफलका बिषयहरु सहितको बार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेभसाईटमा प्रकाशित गरिने छ।